गण्डकी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

# गण्डकी प्रदेश सरकारका स्वास्थ्य मन्त्री पाठकले पदभार ग्रहणपात हालसम्म मन्त्रालयले हासिल गरेका उपलब्धि

**क) नीतिगत तथा कानूनी सुधार**

१. गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट आँपपिपल अस्पताल, गोरखा र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई ५० शैयामा स्तरोन्नति गरी प्रदेश मातहत सञ्चालनमा गर्ने निर्णय भएको छ। यसअनुसार आँपपिपल अस्पतालको औपचारिक समुदघाटन समेत भइसकेको छ । दुवै अस्पताललाई ५० शैय्या सञ्चालन गर्न प्रति अस्पताल नौ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छ ।

२. गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बागलुङलाई २५ शैया अन्तरंग सेवा सहित स्तरोन्नति गरी गण्डकी आयुर्वेद अस्पताल र धौलागिरी आयुर्वेद अस्पताल कायम गरिएको छ । उक्त अस्पतालहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छ ।

३. गण्डकी प्रदेश सरकार मातहतका देहाय बमोजिमका अस्पतालहरुको तपसिल अनुसार स्तरोन्नति भई संगठन तथा व्यवस्थापन सर्वेक्षण समेत स्वीकृत भएको छ।

**साविकको स्वीकृत शैया सङ्ख्या स्तरोन्नति गरी कायम गरिएको शैया सङ्ख्या**

१. धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ ५० बाट १००

२. मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) १५ बाट १००

३. प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, गण्डकी प्रदेश ५०

४. मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की २५ बाट ५०

५. प्रदेश अस्पताल, तनहुँ १५ बाट ५०

६. प्रदेश अस्पताल, पर्वत १५ बाट ५०

७. प्रदेश अस्पताल, स्याङ्जा १५ बाट ५०

८. प्रदेश अस्पताल, मुस्ताङ १५ बाट २५

९. प्रदेश अस्पताल, मनाङ १५ बाट २५

जनचासो
सही सूचना, सटीक टिप्पणी र तथ्यपरक विश्लेषण

४. गण्डकी प्रदेश निजामती सेवा ऐन र नियमावलीलाई स्वास्थ्य क्षेत्र मैत्री हुने गरी संशोधन गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष सिफारिस गरी सोही बमोजिम ऐन र नियमावली संशोधन भएको छ।

५. प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरी सम्मानीत सदनमा पेश गरिएको छ ।

६. क्यान्सर उपचार सहायता सम्बन्धी कार्यविधि, अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, आँपपिपल अस्पताल गठन आदेश र बुर्तिवाङ अस्पताल गठन आदेशको गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट भई कार्यान्वयन भएको छ।

७. नेपाल सरकारबाट छात्रवृत्ती प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको पदस्थापना र सरुवा सम्बन्धी मापदण्ड, २०८१ तयार गरी लागू गरिएको छ।

८. अन्तर अस्पताल विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, स्वास्थ्य क्षेत्रमा जनशक्ति व्यवस्थापन सम्वन्धी कार्यविधि, आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन आदेश, चिकित्सक एवम् स्वास्थ्यकर्मी प्रोत्साहन सम्बन्धी कार्यविधि, प्रदेश जनस्वास्थ्य प्रयोगशाला सञ्चालन सम्बन्धी कार्यविधि, महिनावारी स्वास्थ्य एवम् न्याय सम्बन्धी कार्यक्रम व्यवस्थापन निर्देशिका, निजि स्वास्थ्य संस्थाको दर्ता, स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा नविकरण र अनुगमन सम्बन्धि कार्यविधिको मस्यौदा तयार भएको छ र उक्त मस्यौदाहरु गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्ने चरणमा रहेको छ।

९. सङ्घीय सरकारबाट जारी भएका निर्देशिका, कार्यविधि बमोजिमका समिति गठन गर्ने क्रममा प्रादेशिक एक स्वास्थ्य (One Heath) निर्देशक समिति, एक स्वास्थ्य प्राविधिक समन्वय समिति, नसर्ने रोगको रोकथाम तथा नियन्त्रण प्रादेशिक समन्वय समिति गठन भएको छ ।

१०. प्रदेश मातहतका सबै अस्पतालको फार्मेसीहरुको सुदृढीकरणको लागि अस्पतालको परिसरमा अस्पतालको आफ्नै फार्मेसी मात्र सञ्चालन गर्ने निर्णय गरिएको छ।

११. स्वास्थ्य मन्त्रालय मातहतका ३९ निकायहरूको नाम कार्य प्रकृतिको आधारमा सशोधन गरी एकरूपता कायम गरिएको छ ।

जनचासो
सही सूचना, सटीक टिप्पणी र तथ्यपरक विश्लेषण

**ख) सुशासन तर्फ**

१२. मन्त्रालयका मा. मन्त्रीज्यू र सचिव बीच कार्यसम्पादनमा आधारित कार्यसम्पादन सम्झौता गरिएको छ ।

१३. मन्त्रालय र मातहतका निकायहरुको त्रैमासिक रुपमा प्रगति तथा खर्च विवरण वेबसाइटमा राखी सार्वजनिकीकरण गर्नुका साथै मासिक प्रगति समीक्षा भर्चुअल विधिबाट सञ्चालन गरिएको छ।

१४. प्रदेशभरको जनस्वास्थ्य सूचकहरुको जानकारी सहज रुपमा प्रदान गर्ने हेतुले प्रादेशिक स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशको वेवसाइटमा HMIS Dashboard निर्माण गरिएको छ ।

१५. मन्त्रालयमा आन्तरिक नियन्त्रण समिति गठन गरी मातहतका विभिन्न निकायहरुबाट २०.८०% बेरुजु यस अवधिमा सम्परिक्षणको लागि पेश हुनुको साथै तदारुकताका साथ बेरुजु फछ्र्योट गर्न निर्देशन दिइएको छ ।

१६. चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम समयमै सम्पन्न गर्न मातहतका सबै निकायहरुको मासिक कार्ययोजना बनाई कार्यान्वयन गरिएको छ । साथै चालु आ.व. २०८१/०८२ को फागुन मसान्तसम्म मन्त्रालयले एवम्

**ग) सेवा प्रवाह तथा संस्थागत क्षमता विकास**

१७. मातृशिशु मितेरी अस्पतालमा नाक, कान, घाँटीको विशेषज्ञ सेवा र ल्याप्रोस्कोपिक सर्जरी सेवा सुरुवात गरिएको छ।

१८. प्रदेश सरकार मातहतका अस्पतालहरु (मनाङ अस्पताल बाहेक) मा आँखा, दाँत र फिजियोथेरापी सेवा विस्तार गरिएको छ ।

१९. प्रदेश अस्पताल, मुस्ताङमा एम.डी.जि.पि. चिकित्सकको व्यवस्था गरी विगतमा प्रभावित भएको आकस्मिक प्रसुति तथा नवजात शिशु सेवालाई निरन्तरता दिइएको छ।

२०. प्रदेश अस्पताल, लमजुङमा सघन उपचार कक्ष (ICU) सेवा, ल्याप्रोस्कोपिक सर्जरी र कोलोनोस्कोपी सेवा सञ्चालन गरिएको छ।

२१. क्षयरोगका बिरामीहरूको पहिचान गरी उपचारको दायरामा ल्याउन समुदाय स्तरमा Artificial Intelligence जडित एक्सरे प्रयोग गरी जोखिम समूहका २३ हजार ३ सय ४६ जनाको स्क्रिनिङ गरी ३ सय ४६ जना नयाँ क्षयरोगका बिरामी पत्ता लगाइएको छ।

जनचासो
सही सूचना, सटीक टिप्पणी र तथ्यपरक विश्लेषण

२२. उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता विभिन्न नसर्ने रोगको विभिन्न जिल्लाका १४ स्थानमा समुदायस्तरमा ३ हजार ४ सय ८२ जनाको परीक्षण गरिएको छ।

२३. क्यान्सर उपचार सहायता कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट उपलब्ध हुने सहायता रकमका अलावा गण्डकी प्रदेश सरकारबाट थप १ लाख रुपियाँ उपलब्ध गराउने गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं, वीपी कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र निजामती कर्मचारी अस्पताल, मीनभवन, काठमाडौंसँग सम्झौता गरी कार्यक्रमको विस्तार गरिएको छ । चालु आर्थिक वर्षको साउनदेखि असार १० गतेसम्म गण्डकी प्रदेशका ९ सय ८३ जना क्यान्सरका बिरामीले ४ करोड ४७ लाख ३२ हजार ८४ रुपियाँ बराबरको उपचार सहायता प्राप्त गरेका छन् ।

२४. प्रदेश सरकार मातहतका १२ अस्पतालमा सेवाग्राहीको चाप अनुसार जनशक्ति व्यवस्थापन र थप सेवा प्रवाह गर्न २ सय ६४ जना प्राविधिक जनशक्ति सेवा करारमा व्यवस्थापन गरिएको छ।

२५. धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अन्तरङ्ग सेवा सञ्चालन गर्न तत्कालको लागि सेवा करारमा २० जना र प्रादेशिक निकाय तथा स्वास्थ्य कार्यालयहरुमा थप १५ जना प्राविधिक जनशक्तिको व्यवस्था गरिएको छ ।

२६. धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अकुपञ्चर, क्षारसूत्र, मर्मचिकित्सा, अग्निकर्म सेवा प्रवाह गरिएको छ । प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँमा क्षारसूत्र स्वयं निर्माण गरी सेवा प्रदान गरिएको छ । धौलागिरी आयुर्वेद अस्पताल, बागलुङमा १० जना, गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा ९९ जना र प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँमा १७ जना बिरामीहरुको क्षारशूत्र सर्जरी गरिएको छ । यसैगरी धौलागिरी आयुर्वेद अस्पतालमा २ हजार ७ सय ४५ जना बिरामी र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा २ हजार ७६ जना बिरामीले अकुपञ्चर, मोक्जिबिसन सेवा लिएका छन् ।

२७. प्रदेश अस्पताल, मनाङमा फार्मेसी सेवा सञ्चालनमा ल्याइनुका साथै प्रदेश मातहतका अस्पतालहरूको फार्मेसी सुदृढीकरणका लागि २१ जना फार्मेसी सहायक सेवा करारमा राखिएको छ।

२८. गण्डकी प्रदेशस्थित अस्पतालहरुबाट हाल ८ सय २६ जना बिरामीहरूले डायलायसिस सेवा प्राप्त गरिरहेका छन् । डायलाइसिस सेवाका लागि प्रतिक्षारत विरामीहरुको सङ्ख्या १ वर्षमा ३ सय ६ बाट ९३ मा झरेको छ । यसैगरी प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीमा जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको व्यवस्थापन गरी २५ शैय्या क्षमताको डायलाइसिस केन्द्र सञ्चालन कार्यलाई थप व्यवस्थित गरिएको छ साथै यहि अस्पतालमा नर्सिङ कर्मचारीहरुको लागि ६० दिने डायलाइसिस तालिम सञ्चालन गरिएको छ।

२९. प्रदेश अस्पताल बागलुङ, गोरखा, म्याग्दी, लमजुङ, नवलपुर र तनहुँ अस्पतालमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरी मनोसामाजिक विमर्श सेवा प्रदान गरिएको छ।

३०. प्रदेश अस्पताल मनाङ र मुस्ताङमा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म विस्तारित OPD सेवाको सुरुवात गरिनुका साथै म्याग्दी, पर्वत, लमजुङ, स्याङ्जा, तनहुँ र नवलपुर जिल्ला स्थित प्रदेश अस्पतालमा विस्तारित सेवाको कार्यक्रमलाई निरन्तरता दिनुको धौलागिरी प्रादेशिक अस्पताल, वागलुङ र प्रदेश अस्पताल, गोरखामा EHS (विस्तारित चिकित्सा सेवा) सञ्चालनमा ल्याइएको छ। प्रदेश सरकारले अस्पतालहरूमा जनशक्तिको थप व्यवस्था गरे सँगै सेवाग्राहीको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । पहिलो पटक प्रदेशका सबै अस्पतालहरुमा विशेषज्ञ चिकित्सक कार्यरत रहेका छन् । विगत तीन वर्षको तुलनामा अस्पतालहरुमा हाल सेवाग्राहीको सङ्ख्या तीन गुणा वृद्धि भएको छ भने रिफर (Refer) हुने विरामीको सङ्ख्या गुणात्मक रुपमा घटेको छ।

जनचासो
सही सूचना, सटीक टिप्पणी र तथ्यपरक विश्लेषण

३१. अस्पतालहरूको सर्जरी सेवालाई थप विस्तार र व्यवस्थित गरिएको छ । हालसम्म प्रदेश अस्पताल, गोरखामा ४२ जनाको, मातृशिशु मितेरी प्रादेशिक अस्पतालमा ६ जनाको, प्रदेश अस्पताल लमजुङमा ७ जनाको र धौलागिरी प्रादेशिक अस्पताल, वागलुङमा २३ जना ल्याप्रोस्कोपिक सर्जरी भएको छ भने लमजुङ, तनहुँ, बागलुङ र नवलपुर जिल्ला स्थित प्रदेश अस्पतालमा गरी जम्मा ४२ जना आङ खसेका महिलाहरूको निःशुल्क शल्यक्रिया गरिएको छ । साथै प्रदेश अस्पताल मुस्ताङ, म्याग्दी, पर्वत र बागलुङमा आँखा शिविर सञ्चालन गरी ५४ जना मोतियाविन्दु (Cataract) को निःशुल्क शल्यक्रिया गरिएको छ।

३२. प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवालाई प्रदेशको रणनैतिक स्थानहरूमा विस्तार गर्न नक्साङ्कन (Laboratory Mapping) गरिएको छ ।

३३. प्रदेश अस्पताल मनाङ, मुस्ताङ, पर्वत र मध्यविन्दु प्रादेशिक अस्पतालको निर्माणाधीन भवन चालु आर्थिक वर्षभित्रै सम्पन्न हुने चरणमा प्रवेश गरेका छन् । मध्यविन्दु अस्पतालको भुईतल्ला र पहिलो तल्लामा फागुन २८ गतेदेखि सेवा सञ्चालन गरिएको छ भने प्रदेश अस्पताल बेनीमा पनि नव निर्मित भवनको पहिलो र दोश्रो तल्लाबाट जेठ २८ गतेबाट सेवा प्रवाह सुरु भइसकेको छ।

३४. आयुर्वेद चिकित्सालय, पर्वतको लागि ५ रोपनी जग्गा प्राप्ति भएको छ भने प्रदेश अस्पताल तनहुँ, प्रदेश मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की र मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (ब.सु.पू.) को लागि थप जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको छ । यसैगरी प्रदेश अस्पताल तनहुँ, लमजुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीको नयाँ भवन निर्माणको लागि डिपिआरको कार्य सम्पन्न भएको छ।

३५. प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट नसर्ने रोगको परीक्षण विस्तार गरी Thyroid Function test, Vitamin D, Vitamin B12, Hormone Test, Testosterone, लगायत ३ सयभन्दा बढी प्रकारका परिक्षण हुने व्यवस्था मिलाइएको छ । साथै Histopathology सेवा सुरुवात गरिएको छ।

३६. शहिद, बेपत्ताका परिवार, विभिन्न जनआन्दोलन घाइते, ख वर्गका अपाङ्गता भएका व्यक्ति र नियमित डायलाईसिस सेवा लिने मृगौला पिडित ६,८५० परिवारका सदस्यहरुको निःशुल्क स्वास्थ्य बीमा गरिएको छ ।

**घ) आपूर्ति व्यवस्थापन**

३७. गण्डकी प्रदेशका सबै स्वास्थ्य संस्थाहरूबाट नियमित खोप सेवा अटुट रुपमा सञ्चालनका लागि आपूर्ति व्यवस्थापन भइरहेको छ।

३८. गण्डकी प्रदेशमा माघ २२ गते देखि फागुन ६ गतेसम्म पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप अभियान सफलतापूर्वक सम्पन्न गरिएको छ । प्रदेशको लक्षित १ लाख ४ हजार ८ सय १० किशोरीहरुमध्ये १ लाख १ हजार ६ सय ६५ (९७ प्रतिशत) ले खोप लिएका छन् ।

३९. प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट नसर्ने र मानसिक रोगको २२ प्रकारका, नवजात शिशु एवम् बाल रोगको ११ प्रकारका, आधारभूत र आकस्मिक उपचारका लागि ४५ प्रकारका, आयुर्वेदको २३ प्रकारका औषधीहरू खरिद सम्पन्न भई वितरण भइरहेको छ।

जनचासो
सही सूचना, सटीक टिप्पणी र तथ्यपरक विश्लेषण

**ङ) मातृ, नवजात तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण**

४०. गण्डकी प्रदेशका सबै स्थानीय तहबाट हेली उद्धार गर्न सकिने गरी "जोखिममा परेका गर्भवति र सुत्केरी महिलाको हवाई उद्धार कार्यविधि, २०८०" बमोजिम जटिलतामा रहेका गर्भवति तथा सुत्केरी महिलाहरूको हेलिकप्टर मार्फत Air Lifting गर्ने कार्य निरन्तरता दिइएको छ र यस अवधिमा मन्त्रालयको समन्वयमा सङ्घीय सरकारबाट थप २ जना समेत गरी जम्मा ६७ जनाको हेली उद्धार गरिएको छ।

४१. सम्पूर्ण गर्भवति महिलाहरूलाई स्वास्थ्य संस्थाबाट वा समुदायमै मोबाइलमा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकामार्फत हालसम्म ६ हजार ५ सय ४७ गर्भवति दर्ता गरी आमा र शिशुको स्वास्थ्य अवस्था अनुगमन गर्ने विद्युतीय प्रणाली सञ्चालनमा ल्याइएको छ।

४२. गण्डकी प्रदेश सरकारको सहयोग, समन्वय र सहजीकरणमा बागलुङको गलकोट नगर अस्पतालमा आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा (CEONC) को सुरुवात गरिएको छ ।

**च) सूचना व्यवस्थापन तथा अनुसन्धान**

४३. अस्पतालहरूमा सञ्चालित इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली लगायत डिजिटल हेल्थ सम्बन्धी सबै प्रणालीहरूलाई थप व्यवस्थित गर्न डिजिटल हेल्थ इम्प्लिमेण्टेशन युनिट (Digital Health Implementation Unit) को स्थापना गरिएको छ ।

४४. ७७ स्थानीय तहका ८ सय २ ओटा स्वास्थ्य संस्थाबाट Real Time प्रतिवेदन हुने गरी विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Electronic Health Management Information System: e-HMIS) कार्यान्वयनमा ल्याइएको छ । हाल स्थानीय तहका ३ हजार ८ सय ७१ स्वास्थ्यकर्मीहरूले प्रयोग गरिरहेको यस प्रणाली मार्फत दैनिक औषतमा ७ हजार जना बिरामीको विवरण प्राप्त हुने गरेको छ।

४५. सबै अस्पतालहरूमा Centralized Electronic Medical Record-EMR System लागू गरिएको छ। यसलाई थप प्रभावकारी बनाउनको लागि नौ ओटा अस्पतालहरूमा सूचना प्रविधि सहायकको व्यवस्था गरिएको छ ।

साथै प्रदेश आयुर्वेद चिकित्सालय म्याग्दी, तनहुँ र गण्डकी आयुर्वेद अस्पताल कास्कीमा EMR सञ्चालनमा ल्याइएको छ ।

४६. स्थानीय तहसँगको समन्वयमा ७० स्थानीय तहमा Family Health Profile तयार गरिएको छ। हालसम्म ३ लाख २२ हजार ७ सय ७४ परिवारका १२ लाख २१ हजार ५ सय ७१ सदस्यहरूको विवरण अद्यावधिक गरी व्यक्तिगत स्वास्थ्य सङ्केत नम्बर प्रदान गरिएको छ।

४७. गर्भवति दर्ता र अनुगमन प्रणालीमा हालसम्म ११ हजार ५ सय ४१ गर्भवति महिला दर्ता भई नियमित फलो अप एवम् सञ्चार सम्पर्कमा हुनुहुन्छ ।

जनचासो
सही सूचना, सटीक टिप्पणी र तथ्यपरक विश्लेषण

**छ) जनस्वास्थ्य विपद विरुद्धको तयारी र प्रतिकार्य**

४८. गण्डकी प्रदेशका विभिन्न जिल्लामा देखा परेको डेंगु रोगको प्रकोप नियन्त्रण एवम् व्यवस्थापनको लागि आपतकालीन प्रतिकार्य टिम, स्वास्थ्य प्राविधिक टोलीका साथै जनप्रतिनिधी र सरोकारवालाहरू समेत खटिई लामखुट्टेको बासस्थान "खोज र नष्ट गर" अभियानलाई समुदायस्तरमा सञ्चालन गरिएको छ। यसका लागि प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य संस्थाहरूमा १६ हजार १ सय ६२ किट उपलब्ध गराइनुका साथै प्रदेश मातहतका अस्पतालहरूमा डेंगु रोगको निःशुल्क परीक्षण र उपचारको व्यवस्था मिलाइको छ । स्वास्थ्य मन्त्रालयबाट डेंगु सम्बन्धी जनचेतनामूलक सचेतना सामग्री (१५,००० प्रति) तयार गरी वितरण गरिएको छ।

४९. प्रदेशभर महामारी निगरानी तथा प्रतिकार्य गर्न प्रकोपको शिघ्र सूचना प्रवाहका लागि सर्भिलेन्स आउटब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइएको छ।

**ज) समन्वय तथा सहकार्य**

५०. गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरुको समाधान र भावी योजनाको कार्यान्वयनको लागि सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीज्यूसमक्ष १२ प्रस्तावहरु पेश गरिएको छ ।

५१. WHO, GIZ, USAIDS, World Bank, UNFPA, UNICEF, JICA, NSI, One Heart International लगायतका साझेदार संस्थाहरुसँग छलफल गरी गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा थप सहयोगको लागि पहल गरिएको छ।

# आगामी आर्थिक बर्ष २०८२/०८३ मा निरन्तरता दिइएका कार्यक्रमहरू

(१) नसर्ने रोग / मानसिक समस्याको स्क्रिनिङ तथा निगरानी

(२) क्षयरोग Screening एवम् खोजपड्ताल कार्यक्रम

(३) एम्बुलेन्स प्रेषण केन्द्र (Dispatch Centre) र प्रदेश स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र (PHEOC) सञ्चालन

(४) विद्यालय नर्स कार्यक्रम सञ्चालन

(५) अस्पतालमा गुणस्तरीय सेवा सञ्चालन एवम् प्रवाहका लागि न्यूनतम स्वास्थ्य सेवा मापदण्ड (MSS) कार्ययोजना कार्यान्वयन एवम् सञ्चालन [Hospital Strengthening Program|

(६) जनशक्ति व्यवस्थापन

(७) अस्पतालका भवन निर्माण

(८) स्वास्थ्य सम्वन्धी औजार उपकरण एवम् मेसिनरी उपकरण खरिद

(९) उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम

(१०) डायलायसिस सेवा विस्तार र सुदृढीकरण

(११) स्वास्थ्य क्षेत्रमा डिजिटलाइजेसन

जनचासो
सही सूचना, सटीक टिप्पणी र तथ्यपरक विश्लेषण

(१२) रगत तथा रगतजन्य पदार्थ निःशुल्क विवतरण

(१३) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा सञ्चार खर्च

(१४) स्वास्थ्य बीमा कार्यक्रम

(१५) क्यान्सर उपचार सहयोग कार्यक्रम

(१६) गर्भवति तथा सुत्केरी महिलाको जटिलता ब्यवस्थापनका लागि सुविधा सम्पन्न अस्पतालमा Air Lifting

(१७) पत्रकारहरूको स्वास्थ्य बीमा कार्यक्रम

(१८) आमा तथा नवजातशिशु कार्यक्रम

(१९) कृत्रिम हातखुट्टा परियोजना सञ्चालन (मध्यविन्दु अस्पताल) रहेका छन्

# आगामी आ.व. २०८२/०८३ मा प्रस्तावित थप नयाँ कार्यक्रमहरू

(१) प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको नमुना संकलन केन्द्र स्थापना

(२) प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको प्रोसेसिङ्ग यूनिट प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्रमा स्थापना

(३) प्रदेशस्तरीय सुरक्षित मातृत्व मार्गचित्र तयार गरी कार्यान्वयन

(४) अस्पतालमा स्पेशल न्यूवर्न केयर यूनिट सेवा (SNCU) विस्तार गरिने

(५) जन्मजात (Congenital) रोगहरुको पहिचान गर्न नवशिशु स्क्रिनिङ कार्यक्रम

(६) बालबालिकामा वाथ मुटुरोग (Rheumatic Heart Disease) को स्क्रिनिङ

(७) विभिन्न आश्रमहरुमा रहेका आश्रितहरुको निःशुल्क चेकजाँच

(८) आङ्गिक क्याम्पसहरुमा Health Desk राख्ने

(९) अस्पतालहरुको स्तरोन्नति

(१०) आँखाको निःशुल्क शल्यक्रिया शिविर सञ्चालन

(११) इमर्जेन्सी ट्रमा केयर युनिट (नयाँ :- बुर्तिवाङ र तनहुँ । सुदृणीकरणः-धौलागिरी, स्याङ्जा र मध्यविन्दु)

(१२) एभी फिस्टुला (AV fistula) निःशुल्क सेवा (हेमो डायलायसिसका लागि - प्रादेशिक जनरल तथा सरुवा रोग अस्पतालमा)

(१३) बौद्धिक एवम् अटिजम सम्बन्धी अपाङ्गता भएका बालबालिकाको उपचारका लागि अपाङ्गता उपचार केन्द्र स्थापना तथा सञ्चालन,

जनचासो

१४) निःसन्तान उपचार केन्द्र स्थापना तथा सञ्चालन (मातृशिशु अस्पताल)

(१५) स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा सम्बोधनका लागि विशेष कार्यक्रम

(१६) अन्तरतह साझेदारी तथा समन्वयमा स्थानीय तहका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक औजार उपकरण खरिद

(१७) "B" Grade को एम्बुलेन्स खरिद (मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, लमजुङ, बुर्तिबाङ, आँपपिपल र मध्यविन्दु अस्पतालका लागि)

(१८) स्वास्थ्य प्रणाली सुधारको लागि चार पाङ्ग्रे सवारी साधन खरिद (प्रदेश जनस्वास्थ्य कार्यालय मनाङ, मुस्ताङ, स्याङ्जा, तनहुँ र बागलुङ)

(१९) अस्पतालमा प्रयोगशाला सूचना प्रणाली (LIS System) खरिद एवम् सञ्चालन

(२०) गुदारोग (Anorectal disease) स्क्रिनिङ्ग तथा उपचार कार्यक्रम

(२१) स्वर्णप्राशन कार्यक्रम

(२२) विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम

(२३) अस्पतालमा शैक्षिक कार्यक्रम सञ्चालन कार्यक्रम रहेका छन्

समाप्त